# कमल बुलेटिन

वर्ष : ३ अङ्क : २ चैत्र-२०७७










# शुभारम्भ: औद्योगीकरणको

# कमल बुलेटिन

वर्ष : ३ अङ्क : २ चैत्र २०७७

प्रकाशकः
कमल गाउँपालिकाको कार्यालय
कमल, झापा

संरक्षक
मेनुका काफ्ले
अध्यक्ष, कमल गाउँपालिका, झापा

सल्लाहकार
बेनुप्रसाद शिवाकोटी
उपाध्यक्ष, कमल गाउँपालिका, झापा
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
कमल गाउँपालिका, झापा

सम्पादक
गोपाल झापाली
उमानाथ भण्डारी

व्यवस्थापन
विजय तिम्सिना
सुचना अधिकारी
कलम गाउँपालिका झापा

कम्प्युटर
तुलसीराम सापकोटा

सहकार्य
मदानी मिडिया, झापा

मुद्रण
पाथीभरा अफसेट प्रेस
दमक-५, झापा, फोन ०२३-५८१५३३

## यस भित्र

- सम्पादकीय
- पुराना दिनको सम्झना
- औद्योगिक पार्कको विशेषता
- कमल खोलाको पुल उद्घाटन
- प्रविधिको खाँचो
- विषादि प्रयोग मुक्त सप्ताह सम्पन्न
- दुईसय गन्तव्यमा साधुहोली पनि
- सरसफाई कार्यक्रमलाई तिब्रता
- किसानको बढ्दो आकर्षण
- स्थानीय सरकारले चलायो माटो ल्याव
- कमलमा नमूना युवा संसद
- सिकाई सुनिश्चितता बारे अन्तरक्रिया
- गुह्येश्वरीमा छात्रवृत्ति वितरण
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम
- निशुल्क आयुर्वेदिक शिविर
- खानेपानी विस्तार हुँदै
- महिला दिवशमा सम्मान
- वडा स्तरीय व्याडमिण्टन प्रतियोगीता
- भलिबलको उपाधी कमललाई
- चन्द्रदर्शनको नयाँ नेतृत्व
- कमल जेसीजको नयाँ नेतृत्व

**लगायत ..........................**




### प्रधानमन्त्रीबाट कमलमा

# औद्योगीक पार्कको शिलान्यास

प्रधानमन्त्री ओलीले झापाको कमल-७, कमल-१० र गौरादह-५ को २१ सय बिघा क्षेत्रफलमा निर्माण हुन लागेको चीन-नेपालमैत्री पार्कको शिलान्यास गर्नु भएको छ । चीन सरकारले ६३ अर्बको लगानीमा निर्माण गर्ने यो पार्कको ओलीले कमल-७ को झर्लाहा बजारमा आयोजीत समारोहमा शिलान्यास गर्नु भएको हो ।

यो पार्कका लागि चीनको ल्हासा इकोनोमिक एन्ड टेक्नोलोजी डेभलपमेन्ट जोन जिङपिङ जोइन्ट कन्स्ट्रक्सने निर्माण गर्नेछ। दुई वर्षदेखि सञ्चालनमा ल्याउने पार्कमा पहिलोपटक २६ प्रकारका उद्योग रहनेछन् ।

औद्यागीक पार्क शिलान्यास कार्यक्रममा दमक, कमल र गौरादहमा बन्ने औद्योगीक पार्क नेपाल र चीन विचको मित्रताको नयाँ प्रतिक समेत बन्ने ओलीले धारणा राख्नु भयो । औद्योगीक पार्कको प्रारम्भिक कार्यका लागि ३ अर्व रूपैयाँ सुनिश्चित भई सकेको भन्दै उनले २ वर्ष भित्रमा ४५ हजार जनालाई रोजगारीको अवसर प्राप्त हुने बताउनुभयो ।








झापाको कमल गाउँपालिकाले पहिलो आलु महोत्सव तथा कृषि प्रदर्शनी गरेको छ ।
विगतमा समेत वर्षेनी कृषि प्रदर्शनी गर्ने भए पनि पहिलो पटक आलु महोत्सव गरिएको गाउँपालिकाले जनाएको छ ।
महोत्सवका गाउँपालिकाका किसानहरूले उत्पादन गरेको विभिन्न कृषि उपजहरू प्रदर्शनीमा राखिएका थिए ।
कार्यक्रमलाई कृषि मैत्री बनाउनका लागि प्रमुख अतिथी प्रदेश १ का भुमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री राम राना लगायतका अतिथिहरूलाई तरकारीहरूबाट बनाइएको मालाले स्वागत गरिएको थियो ।
आलु, गाजर, मुला, सिमी लगायतबाट बनाइएको माला र रूखका पातबाट बनाइएको व्याच लगाएर अतिथिहरूको स्वागत गरियो भने खाजाको रूपमा च्याउबाट बनाइएको चिप्स, भुजिया लगायतका परिकार दिइएको थियो ।

बाँकी पृष्ठ ५ मा






गएको चैत ५ गते  अपह्रान्ह पौने २ बजे कमल गाउँपालिका वडा नम्वर ५ स्थित कोभिड अस्पतालको सभाहलमा पुग्दा त्यहाँ राष्ट्रपतिले सभामुख, उपसभामुख, प्रधानमन्त्री, तथा मन्त्रीहरूलाई सपथ ग्रहण गराउँदै हुनुहुन्थ्यो । यो दृश्य हेर्दा लाग्थ्योकी साँच्चिकै  मन्त्रीमण्डल फेरवल भएछ र राष्ट्रपतिले नयाँ मन्त्री मण्डललाई सपथ ग्रहण गराउनु भएको हो ।

तर त्यो दृश्य देश हाक्ने मन्त्रीमण्डलको नभएर कमल गाउँपालिकाको आयोजना तथा कारितास नेपालको साझेदारीमा सञ्चालन भएको  नमुना युवा सांसद  वैठकको अभ्यास थियो । चैत १ गते देखी ५ गते सम्म सञ्चालन भएको  नमुना युवा संसद  कार्यशालाको समापन कार्यक्रममा  नमूना युवा सांसदहरूले संसदीय अभ्यासको अनुभूती लिए ।

संसद बैठकको सुरूमा सभामुख (जेनीसा भण्डारी) ले अर्थमन्त्री (दिपेश संजेल) लाई  बैठकमा  बजेट प्रस्तुत गर्ने समय दिनुभयो । त्यसपछि गृहमन्त्री (हेमराज वोहोरा) लाई सुरक्षा नीति प्रस्तुत गर्न समय उपलब्ध गराउनु भएको थियो । मन्त्रीहरूले आफ्नो प्रस्तुती गर्दा साँच्चिकै संसद बैठक सञ्चालन भएको अनुभूति भएको थियो ।

बाँकी पृष्ठ १५ मा

# आठौं गाउँसभा सम्पन्न

कमल गाउँपालिकाको आठौं गाउँसभा सम्पन्न भएको छ। गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेको अध्यक्षतामा विभिन्न निर्णय गर्दै गाउँसभा सम्पन्न भएको हो।

गाउँसभाले सातौं गाउँसभा बाट स्विकृत भएको रु .८१ करोड ८५ लाख ९१ हजार ७९९ रुपैया रहेको बजेटलाई संसोधनगरी ८६ करोड ७० लाख हजार ५२ हजार ९ सय ८ रुपैया पुऱ्याएको छ। यस्तै साधुहोली सिमसार पर्यटन पूर्वाधार तथा पर्यटन पूर्वाधारमा टेवा पुर्याउनका लागि समितिलाई विधान दर्ता गरी प्रकृया अगाढी बढाउन गरिएको निर्णय गाउँसभाले पारित गरेको छ।

गाउँसभाले विपद व्यवस्थापन कोषबाट कोभिड १९ संक्रमण रोग नियन्त्रणसँग सम्बन्धित भएर गरेका सम्पूर्ण खर्च (राहत वितरण, क्वारेण्टाइन र आइशोलेशन केन्द्र, पि.सि.आर परीक्षण) तथा तोपगाछी खानेपानी आयोजना कमल १ र २ को लागि चालु आ.व.०७७/०७८ मा थप पाईपलाईन सर्भे, डिजाइन भेरिफिकेशन र माटो परिक्षण लगायतमा भएका खर्चलाई समेत अनुमोदन गरेको छ।








## वडा स्तरीय व्याडमिण्टन प्रतियोगीता





कमल गाउँपालिकामा सम्पन्न वडा स्तरीय डवल व्याडमिण्टन प्रतियोगिता २०७७ को उपाधी वडा नम्वर ६ ले जितेको छ।

कमल गाउँपालिकाको आर्थिक सहयोगमा आयोजित प्रतियोगिता वडा नम्वर ६का घनेन्द्र दाहाल र दिवान राईको टिमले प्रतियोगिता जितेको हो। त्यसैगरी वडा नम्वर ३ का अभिनास राई र कुवेर लिम्बुको टिम प्रतियोगिताको उपविजेता भएको छ । प्रतियोगितामा प्रथम हुने टिमले नगद १५ हजार रूपैया ट्रफि र मेडल हात पारेको छ भने उपविजेता टिमले नगद १० हजार रूपैया ट्रफि र मेडल प्राप्त गरेको छ।

प्रतियोगिताको म्यान अफ द सिरिज वडा नम्वर ४ का यासु लिम्बू हुनुभएको छ । उहाँले ट्रफि र मेडल र प्रामाण पत्र प्राप्त गर्नु भएको छ। नव ज्योती सयपत्री क्लवको आयोजना भएको प्रतियोगितामा वडा कमल गाउँपालिका का ७ वटा वडाका १२ वटा टिम सहभागि भएका थिए। युवाहरूलाई खेलकुद क्षेत्रमा प्रेरीत गर्न गाउँपालिकाले खेलकुदका कार्यक्रमलाई पनि प्राथमिकता दिएको बताउनु भएको छ। यस्तै क्लबका सल्लाहकार गौरीमान फागोले बाल्यअवस्था देखिनै खेल प्रति मोह बनाउन सकिए युवाअवस्थामा कुलतबाट पनि जोगाउन सकिने बताउनुभयो । क्लवका सचिव कुवेरधन अधिकारीले क्लवका लागि दिगो खेलमैदानको व्यवस्थापन गरि दिन गाउँपालिकासँग ।आग्रह गर्नु भएको छ।

क्लवका अध्यक्ष सुर्य प्रसाद लिम्बूको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन कार्यक्रममा उपस्थित अतिथी तथा खेलाडीलाई सदस्य भिम अधिकारीले स्वगत गर्नु भएको थियो भने सदस्य भिम प्रसाद राईने सञ्चालन गर्नु भएको थियो ।

## भलिबलको उपाधी कमललाई



१११ औं अन्तर्राष्ट्रिय महिला दिवशको अवसरमा आयोजीत प्रथम अन्तरपालिका स्तरिय महिला भलिबलको उपाधी झापाको कमल गाउँपालिकाले जितेको छ।

दमक नगरपालिका, खेलकुद विकास समितिद्वारा आयोजना भएको प्रतियोगीताको फाईनल खेलमा मोरङको लेटाङ नगरपालिकालाई ३-१ सेटमा पराजित गर्दै कमलले उपाधी हात पारेको हो। बेस्ट अफ फाईभमा खेल खेलाईएको भए पनि पहिलो तेस्रो र चौथो सेटमा कमलले क्रम २५-१४/२५-२२ र २५-२३ को स्कोर ल्याएर कमलले उपाधी जितेको हो । जित सगै कमलले नगद ४० हजार ,ट्रफी , प्रमाणपत्र र मेडल पनि प्राप्त गरेको छ।

यस्तै उपबिजेता बनेको लेटाङ नगरपालिकाले २५ हजार नगदमै चित्त बुझाउनु पयी। १११ औ अन्तरास्ट्रिय महिला दिवसको अबसरमा दमक नगरपालिका अन्तरगतको नगर खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगितामा प्रदेश १ भरिका १४ वटा पालिकाहरूले सहभागिता जनाएका थिए। २२ फागुन बाट सुरू भएको खेल क्वाटरफाईनल सम्म बेस्ट अफ थ्री र सेमिफाइनल पछि बेस्ट अफ फाईबका खेल भएको खेल संयोजक तेजु धिमालले जानकारी दिनुभयो।

**सम्पादकीय**

# अब पालो औद्योगीक विकासको

झापाको कमल गाउँपालिका वडा नं. ७ मा हालै चीन नेपाल मैत्री औद्योगीक पार्कको शिलान्यास भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीबाट औद्योगीक पार्क शिलान्यास भएसँगै पूर्वी नेपालका बासिन्दाहरूमा नयाँ आशाको सञ्चार भएको छ ।

लगानी, आकार र सञ्चालनपछि उत्पादनको हिसाबले यो पार्क नेपालकै सबै भन्दा ठूलो र दक्षिण एसियाकै नमूना हुने भनिएको चीन-नेपाल मैत्री औद्योगिक पार्कको फाईदा कमल गाउँपालिकाले मात्रै होईन, समग्र राष्ट्रलेनै पाउने आशा पनि गरिएको छ । एक लाख मानिसलाई रोजगारी दिने र विभिन्न चरणमा गरेर विभिन्न प्रकारका ४९१ वटा औद्योगिक प्लान्टहरू रहने यो औद्योगीक पार्क नेपालकै सवै भन्दा ठुलो हुने पनि बताईएको छ । त्यसैले यो कमलबासी वा झापाबासीका लागि मात्र नभई सम्पूर्ण नेपालीहरूका लागि एउटा खुसी र आशाको कुरा पनि हो ।

यस्ता औद्योगीक क्षेत्र तथा औद्योगीक पार्कहरू देशका विभिन्न स्थानमा बन्ने क्रममा रहेका छन् । संघीय सरकारले विभिन्न छिमेकी राष्ट्र तथा दातृ निकायहरूको समन्वयमा यस्ता वृहत योजनाहरू सञ्चालन गरिरहँदा स्थानीय सरकारहरूले पनि आ-आफ्ने ढंगबाट औद्योगीकरणमा ईटा थप्ने काम गरि रहेका छन् । स्थानीय श्रोत साधनहरूको उपयोग बाट थोरै लगानीमा सञ्चालन हुन सक्ने विभिन्न प्रकारका उद्योग, घरेलू उद्यम सञ्चालनमा स्थानीय सरकारहरूले सहयोग गर्दै आएका छन् ।

कमल गाउँपालिका त, कृषि प्रधान क्षेत्र पनि हो । यहाँका बहुसंख्यक नागरिकहरू कृषि पेशामा निर्भर छन् । तर स्थानीय सरकार सञ्चालनमा आए पछि परम्परागत रूपमा हुँदै आएको कृषि क्षेत्रलाई क्रमिक रूपमा व्यवसायीक र आधुनिक बनाउने प्रयास पनि हुँदै आएको छ । किसानहरूलाई कृषिसँग सम्वन्धित प्रविधिको हस्तान्तरण, बजारीकरणमा सहयोग एवम् जैवीक तथा अर्गानिक प्रणाली तर्फ प्रेरित गर्न गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । क्रमिक रूपमा स्वस्थकर कृषि उपजमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने, बजार विस्तार गर्ने र कृषिमै आधारीत विभिन्न लघु तथा घरेलू उद्योग सञ्चालनको वातावरवण बनाउन पनि गाउँपालिका लागि परेको छ । आफ्ना नीति, कार्यक्रम तथा बजेट मार्फत समेत यस्ता विषयहरूलाई प्राथमिकता दिंईदै आएको यस अघिका कार्यक्रमहरूबाट पनि प्रष्ट हुन्छ ।

आधाभूत भौतिक पूर्वाधारहरूको निर्माण, अत्यावश्यकिय सेवाहरूको विस्तारसँगै अब क्रमिक रूपमा औद्योगीकरण तर्फ लाग्न पनि जरूरी भई सकेको छ । त्यसैले यसमा समन्वय गर्न, नीतिगत सुधार र व्यवस्था गर्न, बजार विकास र विस्तार गर्न गाउँपालिका प्रयत्नशिल छ । सवैले सहकार्य गरौं, आआफ्नो ठाउँबाट आत्मनिर्भरता र औद्योगीक विकासका लागि जुटौं भन्दै गाउँपालिका सवै पक्षसँग सहकार्य र समन्वयका लागि दृढताका साथ अघि बढ्न प्रतिवद्ध रहेको जानकारी पनि गराउँदछौं ।

समाचार

# पुराना दिनको सम्झना




औद्योगीक पार्क शिलान्यास कार्यक्रमलाई संवोधनका क्रममा प्रधानमन्त्री ओलीले आफ्ना पुराना दिनको पनि स्मरण गर्नुभयो । २०४८ सालमा चुनावी कार्यक्रममा हिँड्दा गाडीमै कोदालो बोकेर हिँड्नु परेको सुनाउँदै उहाँले ति दिन अहिले कथामा सिमित भएको बताउनु भयो । उहाँले भन्नु भयो-'चुनाव बेला हामी गाडीमा कोदालो बोकेर हिँड्नु पर्थ्यो, कहाँ र कतिबेला गाडी फस्छ थाह हुँदैन थियो । कालोपत्रे हेर्न राजमार्ग पुग्नु पर्थ्यो तर अहिले कस्तो भएको छ देख्नु भएको छ नि ?' दमकमै पनि साँझ र रातमा भेटघाटमा जानु पर्दा मैनटोल बोकेर हिँड्नु पर्ने अवस्था रहेको भन्दै २०५१ सालको सरकारकै पालामा विकासको मोडल अघि सारिएको तर सरकार ढले पछि अल्मल्याईको ओलीले बताउनुभयो ।

कार्यक्रममा औद्योगीक पार्कका अध्यक्ष गोविन्द थापाले देशका अन्य भागका औद्योगीक क्षेत्र भन्दा यो वृहत हुने बताउनुभयो । भुमि तर्फ भन्दा आकाश तर्फ यसको फैलावट बढि हुने थापाको भनाई थियो । सो ईन्ड्रष्टियल पार्क शिलान्यास भएको दिन फागुन १६ लाई नेपालको इतिहासमा औद्योगीक क्रान्तिको शुरूवात भएको दिनको रूपमा स्मरण गरिनु पर्ने समेत उहाँले बताउनुभयो ।

पार्क निर्माणका लागि पहिलो चरणमा ६४ अर्ब बजेटबाट नदी तटबन्धन, वृक्षरोपण, सडक र भवन निर्माणजस्ता कार्य हुने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष नन्दकिशोर बस्नेतले जानकारी दिनु भएको छ । उद्योग निर्माण पश्चात ४० वर्ष चिनियाँ कम्पनीले चलाएर मात्र नेपाललाई हस्तान्तरण गर्ने सम्झौता भएको छ ।

समाचार



# औद्योगिक पार्कको विशेषता

लगानी, आकार र सञ्चालनपछि उत्पादनको हिसाबले यो पार्क नेपालकै सबै भन्दा ठूलो र दक्षिण एसियाकै नमूना हुने चीन–नेपाल मैत्री औद्योगिक पार्कका अध्यक्ष गोविन्द थापाले बताउनु भएको छ । एक लाख मानिसलाई रोजगारी दिने दाबी गरिएको पार्कमा सबै चरणमा गरेर विभिन्न प्रकारका ४९१ वटा औद्योगिक प्लान्टहरू रहने छन् ।

औद्योगिक पार्कमा मूख्यतय पाँच प्रकारका उद्योग रहने र ती उद्योगलाई सहयोग गर्ने लजिस्क सहयोग र सूचना प्रविधि तथा तालिमका लागि छुट्टै दुई वटा पार्कहरू पनि रहनेछन् ।

औद्योगिक पार्कभित्र होमप्लाईन्सेसका सामानहरू उत्पादन गर्ने ह्वाईट गुड्स उद्योग, ढुवानीका सामाग्री उत्पादन गर्ने उद्योग, टेक्सटायल तथा गार्मेन्ट उत्पादनको उद्योग, खाद्यन्न प्रशोधन र विद्युतिय सूचना प्रविधिका सामाग्री उत्पादन गर्ने उद्योगहरू सञ्चालन हुने जनाईएको छ ।

पार्कमा बिद्युतीय सवारी साधनदेखि मोबाईलसम्म निर्माण हुने थापाले बताउनु भएको छ । पार्कभित्र बालबालिका अध्ययन गर्न विद्यालय, स्वस्थ्यपोचार गर्न स्वास्थ्य संस्था हरित वातावरण मैत्री वातावरण पार्क भित्र रहने कम्पनीले जनाएको छ ।

वैदेशिक लगानी नेपाल भित्र्याउने, प्रविधि हस्तान्तरण गराउने, रोजगारी व्यवस्थापन गर्ने र हाइटेक कम्पनीमार्फत नेपालबाट विश्व बजारमा उत्पादनहरू पुर्‍याउने पार्कको विशेषता हुने अध्यक्ष थापाको भनाइ छ ।

यस्तै प्रारम्भिक चरणमा काम थाल्न पुग्नेगरी जग्गा प्राप्तिको काम सकिएको पार्कका अध्यक्ष थापाले जानकारी दिनुभयो । परियोजनाका लगि हालसम्म २ अर्ब रूपैयाँ लगानी भित्रिसकेको र ६ चरणमा गरेर कुल ६५ अर्ब नेपाली रूपैयाँ पार्क निर्माणका लागि भित्रिने छ । निर्माण सम्पन्न भएको ३० वर्षसम्म चिनियाँ कम्पनीले सञ्चालन गरेपछि पार्क सरकारलाई हस्तान्तरण गर्ने गरी लगानी बोर्ड र चिनियाँ कम्पनीबीच समझदारी भईसकेको छ ।

## विश्व बजारमा मेड इन नेपाल

भारत, भुटान र बंगलदेशसंगको नजिकको नेपाली भूभागमा रहने पार्कमा विश्व बजारका प्रख्यात कम्पनीहरू भित्रिने निश्चत भएको पार्क व्यवस्थापनले जनाएको छ । हालसम्म २६ त्यस्ता कम्पनीको उद्योग पार्कभित्र रहने निश्चित भएको र बाँकी ९८ वटा प्रक्रियामा रहेको पार्कका अध्यक्ष थापाले जानकारी दिनुभयो ।

विश्व बजारमा खपतका लागि चाहिने महत्वपूर्ण वस्तुहरू अब नेपालमा उत्पादन हुने उहाँको दाबी छ । पहिलो चरणमा कृषि र खाद्यन्नजन्य उद्योग, टेक्सटायल र क्रमशः विद्युतीय गाडी देखि मोबाइल फोनसमेत ओद्योगिक पार्कमा उत्पादन हुने जनाईएको छ । नेपाली कम्पनी पनि पार्कमा आउन चाहे बाटो खुला रहने अध्यक्ष थापाले बताउनु भएको छ ।

## कार्यक्रममा मन्त्रीहरूको धारणा



कार्यक्रममा संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री वशन्त नेम्वाङ्ले राजनीतिक अस्थिरताका बावजुद देश औद्योगीक क्रान्ति तर्फ अघि बढेको बताउनु भएको थियो । औद्योगीक पार्कको शिलान्यास समारोहमा उहाँले प्रधानमन्त्री केपी शर्मा ओलीको अगुवाईकै कारण यो सम्भव भएको पनि दावि गर्नुभयो । उहाँले वर्तमान सरकारको ३ वर्षको अवधीमा ९१५ ओटा मोटरेवल पूल निर्माण भएको दावि गर्दै यो परिमाणमा कुनै पनि सरकारको पालामा नभएको जिकिर गरे ।



हुलाकी राजमार्गको पूर्वी खण्डको ४८ किलोमिटर खण्ड पूरा हुने भन्दै उहाँले मदन भण्डारी राजमार्गको पूर्वी खण्ड निर्माणका लागि ठेक्का प्रकृया अघि बढेको जानकारी दिनुभयो । धरान देखि दमकको बेलडाँगी सम्मको ५३ किलोमिटर ठेक्काको प्रकृयामा रहेको र बेलडाँगी देखि शान्तिनगर सम्मको ७६ किलोमिटर निर्माणको प्रकृया पनि अघि बढाईने बताउनुभयो । पूर्व पश्चिम रेल मार्ग निर्माणको काम नरोकिने दावि गर्दै यसको काम अघि बढाईनेहाँकोभ नाई थियो ।

यस्तै कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ती मन्त्री लेखराज भट्टले अब सबैको ध्यान आर्थिक समृद्धी तर्फ केन्द्रित हुनु पर्ने बताउनुभयो । उहाँले देशमा क्रमिक रूपमा औद्योगीकरणको विकास भई रहेकाले सरकारले स्वदेशमानै रोजगारीका अवसर सिर्जना गरि रोजगारीका लागि विदेशीनु पर्ने बाध्यताको अन्त्य गर्ने बताउनुभयो ।

समाचार



औद्योगीक पार्क शिलान्यास अघि प्रधानमन्त्री केपी शर्मा ओलीले कमल गाउँपालिका वडा नम्वर २ र शिवसताक्षी नगरपालिका वडा नम्वर २ को बिचमा पर्ने  कमल खोलामा निर्माण भएको  पक्कि पुलको उद्घाटन गर्नु भएको थियो ।

साविकको शिवगञ्ज बजार हुदै धरमपुर तोपगाछीको क्याम्पा बजार र लखनपुरको मंगलवारे  बजारलाई जोड्ने सडकमा पर्ने पक्कि पुलको ओलीले उद्घाटन गर्नु भएको हो ।

२०७२ साल माघ ६ गते १६ करोड ६२ लाख ६४ हजार ९ सय ७५ रूपैयामा ठेक्का सम्झौता भई २०७६ साल फागुन २३ गते निर्माण सम्पन्न भएको पुलको लम्वाई १ सय ७० दशमलव ०५ मिटर र चौडाई फुटपाथ सहित ११ मिटर रहेको छ ।


यस्तै प्रधानमन्त्री ओलीले दमक नगरपालिको वडा नम्वर १०, कमल गाउँपालिका र गौरादह नगरपालिका जोड्ने रतुवा खोलामा निर्माण भएको पुलको पनि उद्घाटन गर्नु भएको थियो ।

# कमल गाथा विमोचन

वडा नं. २ मा पुल उद्घाटनका लागि आयोजीत कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले कमल गाउँपालिको ईतिहासलाई समेटेर तयार पारेको कमल गाथाको विमोचन पनि गर्नु भएको थियो।

कमल गाउँपालिकामा रहेका विभिन्न चोक बजारको ईतिहास जोडेर निर्माण गरिएको कमलगाथा को परिकल्पनाकार नारायण बस्नेत, रचना विजयकुमार अधिकारी, संगित  कैलाशथापा मगर र गायक  गौरव दर्पण र टिका प्रसाई रहनु भएको छ । यस्तै गाथाको भिडीयो छायाङ्कन निकेश बस्नेत, संगित अशोक थापाको रहेको छ।






# कृषिमा प्रविधिको खाँचो

गाउँपालिकाले आयोजना गरेको कृषि प्रदर्शनी अवलोकन गर्दै मन्त्री रानाले किसानहरूले परम्परागत रूपमा खेती गर्दै आएकाले उनीहरूलाई प्रविधि हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । कतिपय कृषि उपजहरू उत्पादन हुन साथ बिक्री नगरे बिग्रन सक्ने तर तत्काल बिक्री गर्दा किसानले लागत समेत उठाउन नसक्ने भएकाले उनीहरूलाई प्रविधि प्रदान गर्न सके प्रशोधन गरेर समेत बिक्री गर्न सकिने उहाँको भनाइ थियो ।

कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि प्रदेश सरकार क्रियाशील रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो–'मलाई किसानको यो पौरख देखेर गर्ब लागेको छ, हामीले अब बजार र प्रविधिमा जोड दियौं भने कृषि उपजमा छिट्टै आत्मनिर्भर हुन सकिन्छ भन्ने विश्वास छ । कार्यक्रममा गाउँपालिका अध्यक्ष मेनुका काफ्ले, उपाध्यक्ष बेनुप्रसाद शिवाकोटी, प्रमुख प्रशासकीय अधिकृत सुवाश श्रेष्ठ लगायतले गाउँपालिकाले जैवीक तथा अर्गानिक कृषि प्रणालीमा जोड दिनु भएको थियो ।

कृषि ज्ञान केन्द्र झापा र गाउँपालिकाको सामान्य सहयोगमा सुरूगरिएको आलु पकेट कार्यक्रम अहिले ब्लकको रूपमा विस्तार भएको छ । कमल गाउँपालिकामा आलु विकासका कार्यक्रमकालागी पुर्वाधार विकासको तयारी पुराहुने अवस्थामा पुगेको र १ सय १९ कृषकलाई ५० प्रतिशत अनुदानमा विभिन्न प्रकारको सहयोग गरेको आई.पि.एम. आलु ब्लक सन्चालन समितीका सचिव टंक कट्टेलले बताउनु भयो

कार्यक्रममा लहरे बालि तर्फ ३० जना, खाद्यान्न वालितर्फ १७ जना, आलु वालि तर्फ ३७ जना  जरे बालि तर्फ १७ जना र फलफुल वालि तर्फ ११ जना कृषकले कृषि मेला प्रदर्शनिमा माग लिनु भएको कृषि शाखा प्रमुख महेन्द्र बोहोराले जानकारी दिनुभयो ।

प्रदर्शनिमा भाग लिएका मध्ये प्रत्यक समुह बाट प्रथम, द्वतिय, तृतिय र सान्त्वना गरी दुई दर्जन कृषकलाई पुरस्कृत गरिएको  कृषि प्राविधिक प्रेम पोखरेलले जानकारी दिनुभयो ।

कृषि मेला प्रदर्शनिमा १ नम्वर प्रदेशका भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव निरू दाहाल (पाण्डे), कृषि माहाशाखा प्रमुख पशुपति ढुङ्गाना लगायतको उपस्थिती रहेको थियो ।

समाचार




# विषादि प्रयोग मुक्त सप्ताह सम्पन्न

दिनप्रतिदिन बढी रहेको विषदी प्रयोगलाई न्युनिकरण गर्दै अर्गानिक उत्पादन तर्फ लाग्न कृषकलाई प्रोत्साहन गर्ने उद्येश्यले झापाको कमल गाउँपालिकाले विषादि प्रयोग मुक्त सप्ताह २०७७ कार्यक्रम सञ्चालन गरेको छ ।

गाउँपालिकाको वडा नं. ६ मा लखनपुर साना किसान कृषि सहकारी संस्थाले समेत समन्वय गरेको एक कार्यक्रमका विच सप्ताह समापन गरिएको हो । कार्यक्रममा जनप्रतिनिधी सहित विभिन्न कृषक समुहका प्रतिनिधिले विषादि न्युनिकरण सम्बन्धि सचेतानामुल प्ले कार्ड सहित र्‍यालीमा सहभागी भएका थिए ।

कार्यक्रममा विषादि न्युनिकरण सम्वन्धि चेतनामुलक अन्तर समुह गायन प्रतियोगितामा प्रथम ज्योति आईपिएम कृषक समुह कमल २, द्वतिय हातेमालो कृषक समुह कमल ५ र तृतिय साना किसान कृषि सहकारी कमल ७ भएका थिए । प्रतियोगितामा विजेतालाई कृषी उपकरण बाट पुरस्कृत गरिएको कृषि प्रविधिक प्रेम पोखेलले जानकारी दिनुभयो । यस्तै किसानहरूले विषादीको प्रयोग न्युनीकरणबारे चेतनामूलक नाटक समेत प्रस्तुत् गरेका थिए ।

गाउँपालिकाले यस अघि समेत विषदि न्युनिकरणका गाउँपालिकाले कृषकहरूलाई जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । अहिले कृषक समुहका हरेक सदस्य सचेत भएको र सुरूमा कम उत्पादन भएपनि अहिले उत्पादन बढ्न थालेको छ । विषदि रहित उत्पादन बजारमा विक्रि गर्दा समेत बढी मुल्यमा विक्रि हुनेभएकोले कृषक उत्साहित भएको कमल गाउँपालिकामा अध्यक्ष मेनुका का□लेले बताउनु भयो ।

विषादि रहित उत्पादनमा कृषी ज्ञानकेन्द्र झापाले स्थानिय तह सगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका साथै कृषकलाई विषादि रहित उत्पादनमा विभिन्न सहयोग गरेको कृषी ज्ञानकेन्द्र झापाका प्रमुख निलकमल सिंहले बताउनु भयो ।

कृषकले विषदि प्रयोग गर्दा रसायनीक विषादीको साटो वैकल्पिक विषादी प्रयोग गरेर समेत उत्पादन बढाउन सकिने भएकोले अवका दिनमा कृषकलाई त्यस तर्फ लाग्न प्रोत्साहन गर्ने कमल गाउँपालिका कृषि विकास शाखाका प्रमुख महेन्द्र बोहोराले बताउनुभयो ।



कृषि

# कृषि मेलामा किसानको आकर्षण

गाउँपालिकाले कृषकलाई विभिन्न किसिमको अनुदान दिएपछि पछिल्लो समय यहाँका कृषक व्यवसायीक र अर्गानिक कृषि प्रणालीतर्फ आकर्षित भएका छन् ।

कृषकले उत्पादन गरेका बस्तुको मुल्याङ्कन गरी उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने जसले गर्दा कृषकमा थप उत्साह बढ्ने भएकोको गाउँपालिकाले प्रथम आलु महोत्सव तथा कृषि प्रदर्शनी गरेको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनु भयो ।



गाउँपालिकाले कृषकलाई प्रोत्साहित गर्न कृषि मेला, किसान दिवश, विषादी मुक्त सप्ताह जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ । जसले गर्दा कृषि पेशातर्फ लाग्न कृषकलाई थप मद्धत पुग्ने कमल गाउँपालिकाका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटी बताउनु हुन्छ ।

गाउँपालिकाले ७ औं गाउँसभाबाट कमल गाउँपालिकालाई आर्ग्यानिक उत्पादन क्षेत्र बनाउने निर्णय गरेको थियो । सोहि अनुसार कृषि तथा किसानमैत्री कार्यक्रमहरू सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रसाशकिय अधिकृत सुवास श्रेष्ठले बताउनुभयो ।

समाचार



# स्थानीय सरकारले चलायो माटो ल्याव

झापाका स्थानीय तह मध्ये कमल गाउँपालिकाले पहिलो पटक माटो ल्याव सञ्चालनमा ल्याएको छ । जिल्लाका १५ स्थानीय तह मध्ये कमलले किसानको माटो परीक्षणका लागि पहिलो पटक ल्याव सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाका अधिकांश बासिन्दाको प्रमुख आम्दानीको श्रोतनै खेती भएको तर हाल सम्म पनि माटो परीक्षण गर्ने चलन नहुँदा अपेक्षित लाभ लिन नसकेकाले ल्याव सञ्चालनमा ल्याईको गाउँपालिका कृषि शाखा प्रमुख महेन्द्र बोहोराले जानकारी दिनुभयो ।

परीक्षण नगरि अन्दाजका भरमा खेतमा मल तथा पोषक तत्व छर्दा नकारात्मक प्रभाव समेत पर्ने र उत्पादन बढ्नुको साटो घट्ने अवस्था पनि आउने गरेको उहाँको भनाई छ । तर परीक्षण गरेर आवश्यक मल र पोषक तत्व छर्दा लागत कम हुने र उत्पादन बृद्धी हुने बोहोराको भनाई छ । साढे ४ लाख रूपैयाँको लागतमा गाउँपालिकाले ल्याव स्थापना गरेको हो ।

समाचार




# १४ तत्व परीक्षण

गाउँपालिकाले सञ्चालनमा ल्याएको ल्यावले माटोका १४ ओटा पोषक तत्वको अवस्था पहिचान गर्ने कृषि प्राविधिक प्रेम पोखरेले जनाउनुभयो । गाउँपालिकाले आफ्नै प्राविधिकहरूलाई तालिम दिलाएर जनशक्ति समेत तयार पारेको हो । बालि अनुसार माटोको अवस्था विश्लेषण गरेर मात्र आवश्यक पोषक तत्व र्छन किसानलाई सिफारिस गर्ने गरिएको कृषि प्राविधिक रमा रेग्मीको भनाई छ । ल्याव सञ्चालन शुरू भएलगत्तै दैनिक किसानहरू माटो परीक्षणका लागि आउने गरेका छन् । ल्याव सञ्चालनमा आएको बारेमा टोल टोलमा किसानहरूलाई जानकारी गराईएको र आवश्यकता अनुसार प्राविधिक किसानका खेतमानै पुगेर नमूना संकलन गर्ने र आवश्यक सुझाव दिने क्रम पनि शुरू भएको उहाँले जनाउनु भएको छ ।



# अर्गानिक उत्पादनमा जोड

रसायनीक विषादीको प्रयोग क्रमिक रूपमा न्युनिकरण गरि जैविक र अर्गानिक उत्पादनमा गाउँपालिकालाई आत्म निर्भर बनाउने लक्ष्य रहेको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ । यसका लागि किसानहरूलाई जैविक मल तथा विषादी उत्पादन बारे प्रशिक्षण दिईएको र किसानले आँफै उत्पादन समेत गरि रहेको उहाँको भनाई छ । हाल गाउँपालिकामा तरकारी, धान र मकैका पकेट सञ्चालनमा छन् । किसानहरूलाई एकिकृत खेती तर्फ प्रोत्साहन गर्ने विभिन्न पकेट कार्यक्रम सञ्चालन गरि आर्थिक, प्राविधिक तथा व्यवसायीक प्रवर्द्धनमा सहयोग गर्ने गरिएको उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले बताउनुभयो ।




# कृषकलाई स्प्रे ट्याङ्की

कमल गाउँपालिका वडा नम्वर ६ का अगुवा कृषकलाई स्प्रे ट्याङ्की वितरण गरिएको छ ।

वडा नं ६ को बार्षिक कार्यक्रम अन्तर्गत कृषकहरूलाई २ लाख ५० हजार मुल्य वरावरको ५० थान ईलेक्ट्रिक रिचार्जेबल स्प्रे ट्याङ्की गाउँपालिका अध्यक्ष मेनुका काफ्ले द्वारा वितरण गरिएको वडा वडा अध्यक्ष नरेन्द्र भट्टराईले जानकारी दिनुभयो ।

कृषकको वालीमा आईपर्ने आकश्मिक समस्यालाई रोकथाम गर्न सहयोग पुग्ने र कृषिकले आफ्नो उत्पादन बढाउन सक्ने कृषी शाखा प्रमुख महेन्द्र बोहोराले बताउनु भयो ।

## कृषकलाई कृषि औजार




कमल गाउँपालिका वडा न. ५ ले वडाका अगुवा किसानहरूलाई कृषि औजार वितरण गरेको छ ।

स्थानीय टोल विकास संस्थाहरूको समन्वयमा वडा कार्यालयले ती कृषि औजारहरू वितरण गरेको वडासचिव रिता कार्कीले जानकारी दिनुभयो । वडा कार्यालयमा एक कार्यक्रम गरि वडाका पाँच वटै टोलबाट सिफारिस भई आएका ३४ जना किसानलाई टनेल र ४० थान स्प्रे ट्यांकी भने टोल समूहलाई वितरण गरेको हो । किसानहरूलाई बेमौषमी खेतीतर्फ टेवा पुऱ्याउन प्रोत्साहन स्वरूप बार्षिक कार्यक्रम अनुसार वडाको ३ लाख रूपैयाँको वजेटमार्फत ती औजारहरू वितरण गरिएको वडाध्यक्ष डम्बर निरौलाले वताउनुभयो । औजार पाएका किसानहरूले सहि सदुपयोग गरे,नगरेको बारे वडास्तरमा गठित समितिले अनुगमन गरिने समेत वडाध्यक्ष निरौलाले बताउनु भएको छ ।




समाचार

# सरसफाई कार्यक्रमलाई तिब्रता

झापाको कमल गाउँपालिकाले पुर्ण सरसफाई कार्यक्रमलाई तिब्रता दिएको छ ।

गर्तवर्षनै पूर्ण सरसफाई कार्यक्रमलाई सञ्चालनमा ल्याएको गाउँपालिकामा त्यसैलाई निरन्तता दिदै विराट सामुदायीक अध्यायन केन्द्रको साझेदारीमा पूर्ण सरसफाई कार्यक्रमलाई तिब्रता दिईएको हो ।

अभियानका क्रममा भान्सा घर देखी शौचालय सम्म पूर्ण रूपमा सरसफाई हुनु पर्ने, त्यसका लागी प्रत्येक नगरिकले वितरण प्रणालि बाट वितरण गरिएको शुद्ध पानी प्रयोग गर्नु पर्ने लगायतका विषयमा बताईएको छ ।

गाउँपालिकाले तयार पारेको खानेपानी सरसफाई स्वस्छता योजना (वास) लाई कार्यन्वयन ल्याउन आग्रह गरिएको प्रदेश खानेपानी सरसफाइ स्वस्छता क्लस्टरका संयोजक विनोद शर्माले बताउनु भयो ।

अभियानको सफलताका लागि प्रत्येक विद्यालयमा आधुनिक शौचालय र शुद्ध पिउने पानीको व्यवस्था आवश्यक रहने कमला मदन आश्रीत स्मृति माध्यमिक विद्यालयका प्रध्यानाध्याक हिमप्रसाद दाहाल बताउनुहुन्छ । गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले भने खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरेर मात्र नहुने भएकाले यसको प्रभावकारी कार्यान्वयनमा पनि ध्यान दिईएको बताउनु भएको छ । अभियान सफल पार्न गाउँपालिकामा विभिन्न पक्ष सम्मिलत बैठक पनि सम्पन्न गरिएको छ ।

जनप्रतिनिधी, शिक्षक, स्वस्थ्यकर्मी, खानेपानि उपभोक्ता समितिका पदाधिकारी, विद्यालय व्यवव्स्थापन समितिका प्रतिनिधी विभिन्न संघ संस्थाका प्रतिनिधी लगायतको सहभागीतामा छलफल भएको हो । छलफलले मर्यादित महिनावारी व्यवस्थान, विद्यालयमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, खाद्य गुणस्तर कार्यविधि अनुमोदन गरि कार्यन्वयनका लागि गाउँकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरेको कमल गाउँपालिकाका पुर्ण सरसफाई कार्यक्रम संयोजक ईन्द्र अर्यालले बताउनु भयो ।

## वास प्लान हस्तान्तरण

कमल गाउँपालिकाका जनतालाई शुद्ध खानेपानी उपलब्ध गराउने उद्येश्यले कार्यदल द्वारा तयार पारेको खानेपानी सरसफाई तथा स्वच्छता योजना २०७७ को योजना पत्र अनुमोदनगरी कार्यन्वयनकालागि खानेपानी सरसफाई तथा स्वच्छता योजना २०७७ (वास) फोकल पर्सन इन्द्रप्रसाद अर्यालले कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्ले लाई हस्तान्तरण गर्नुभएको कार्यक्रम अधिकृत अर्जुन कुमार पाठकले जानकारी दिनुभयो ।

# दुईसय गन्तव्यमा साधुहोली पनि



शिक्षा

सरकारले छनौट गरेको देशभरका दुई सय नयाँ पर्यटकीय गन्तव्यहरूको सूचीमा झापाका विभिन्न गन्तव्य तथा स्थान पनि परेका छन् । संस्कृति पर्यटन तथा नागरिक उयन मन्त्रालय छनौट गरेको सुचीमा समावेश पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनको लागत भने ४८ करोड रूपैयाँभन्दा बढि रहेको छ ।

मन्त्रालयको छनौटमा परेका कमल गाउँपालिकाको गतन्तव्य तथा योजनामा कमल गाउँपालिका वडा नं. ५ को साुधहोली सिमसार पनि परेको हो । प्रस्ताव आह्वान गरी छनौट गरिएका झापाका अन्य पर्यटकीय गन्तव्यहरूसँगै साधुहोली समेत सभावेश भएको हो । यसको प्रवर्द्धनका लागि कुल लागत ५ करोड रूपैयाँको योजना तय भएकोछ । जस मध्ये मन्त्रालयले ३ करोड ५० लाख रूपैयाँ उपलब्ध गराउने जनाईएको छ । झापामा छनौट गरिएका योजनाहरूको कुल लागत ४३ करोड ८३ लाख रूपैयाँ अनुमान गरिएको छ । मन्त्रालयले ३३ करोड बिनियोजन गरेको जनाएको छ भन बाँकी रकम साझेदारको रूपमा स्थानीय तहले स्रोत जुटाउनु पर्नेछ ।




# सिकाई सुनिश्चितता बारे अन्तरक्रिया

विश्वमानै चुनौती बनेको कोभिड १९ ले शिक्षा क्षेत्रमा  पारेको प्रभाव र सिकाईका क्षेत्रमा देखापरेका चुनौतीका विचमा  पछिल्लो समय छलफल र बहस हुन थालेका छन् ।

यसैक्रममा "आपतकालीन समय र माहामारीमा बालबालिकाको सिकाई सुनिश्चितता" कसरि गर्न सकिन्छ भनेर शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल जिल्ला समन्वय समिति झापाले कमल गाउँपालिकामा समेत कोभिड १९ र यसका कारणले बालबालिकाको सिकाइमा पारेको प्रभाव तथा सिकाईका क्षेत्रमा देखा परेका मुख्य मुद्धा र चुनौतीका विषयमा  अन्तरकृया सम्पन्न भएको छ । कार्यक्रममा जनप्रतिनिधी ,विद्यालय व्यवस्थापन समिति, अविभावक, शिक्षक,विद्यार्थी लगायतको उपस्थिती रहेको थियो ।

यो विषम परिस्थितीका समयमा गाउँपालिकाको तर्फबाट शिक्षाको विकास तथा विद्यार्थीमा परेको नकारात्मक प्रभावलाई न्युनिकरण गर्दै बालबालिकाहरूको पढाइलाई  कसरी अगाडि बढाउन सकिन्छ भनेर गाउँपालिका लागी परेको कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्ले (पोखेल) ले बताउनुभयो ।

कोभिड १९ले  विश्वनै आक्रान्त पारिरहेका बेला  नेपालमा पनि यसको ठुलो प्रभाव परेको छ । कोभिड १९ ले शिक्षाक्षेत्रमा ठुलो असर पुगेकोले अबका दिनमा शिक्षालाई कसरि माथी  उठाउने भन्ने बेलामा आयोजा गरिएको कार्यक्रमले केहि भएपनि शिक्षण सिकाईमा सहयोग पुगेको कमल गाउँपालिका शिक्षा शाखा प्रमुख सुर्यप्रसाद न्यौपाने बताउनुभयो ।

आपतकालीन समय र माहामारीमा बालबालिकाको सिकाई सुनिश्चितता गर्नका लागि नेपाल सरकारले जारी गरेको वैकल्पिक सिकाई सहजीकरण निर्देशिका २०७७ र विद्यार्थी सिकाई सहजी

करण निर्देशिका २०७७ अनुसार विद्यालय सञ्चालन हुन सकेनन् । यस्तो अवस्थामा विद्यालय सञ्चालन कार्यढाँचा २०७७ अनुसार स्थानियतहले गरेको निर्णय अनुसार विद्यालय सञ्चालन गरिएको बारे पनि कार्यक्रममा छलफल भएको थियो । तर यो पनि पर्याप्त नभएको कमला मदन आश्रीत स्मृती माध्यमिक विद्यालयका प्रध्यानाध्यापक तथा शिक्षक महासंघ कमल गाउँपालिकाका अध्यक्ष हिमप्रसाद दाहाल बताउनुभयो ।

शिक्षाको क्षेत्रमा गर्न नसका कामहरू धेरै भएको र ति काम गर्न सके विद्यालयको शिक्षण सिकाई प्रभावकारी हुने अपेक्षा सहित कार्यक्रम गरिएको आयोजकको भनाई छ । स्थानियतहका जनप्रतिनिधीका साथै विद्यालय सञ्चालक, शिक्षक एवम् विद्यार्थीसँग बढि भन्दा बढि छलफल गर्न सके शिक्षण सिकाईमा परिवर्तन आएको पाईएको शक्षाका लागि राष्ट्रिय अभियान नेपाल झापाका कार्यक्रम सहसंयोजक सुरेसबहादुर पौडेलले बताउनु भयो ।

शिक्षाक्षेत्र अस्तव्यस्त भएका बेला सिकाईलाई सहज र प्रभावकारी बनाउन खाँचो रहेको कमल वाल सञ्जालकी अध्यक्ष प्रितिका सुवेदीको भनाई थियो ।

कार्यक्रममा कमल गाउँपालिका वडा नम्वर २ का वडाध्यक्ष तारानाथ न्यौपाने, शहिद धर्मभक्त माध्यमिक विद्यालय व्यवस्थपन समिति अध्यक्ष चक्र गुरूङ, शिक्षक अविभावक संघका अध्यक्ष लेखनाथ खतिवडा, प्रधानाध्यापक रूकमान लिम्बू र टङ्क गजुरेल लगायतले आफ्नो भनाई राख्नु भएको थियो ।

कार्यक्रमलाई संस्थाका सल्लाहकार सदस्य उमानाथ ढकाल र शिक्षक तिलक गजमेरले सञ्चालन गर्नुभएको थियो भने स्वागत मन्तव्य निशा गौतमले राख्नु भएको थियो ।



# कमलमा नमूना युवा संसद .......

त्यस लगत्तै सभामुखले शिक्षा युवा तथा खेलकुद मन्त्रीलाई (सिसन राई) शिक्षा नीति प्रस्तुत गर्न समय उपलब्ध गारउनु भएको थियो । बैठकमा महिला तथा वालवालिका मन्त्री (सरस्वता गौतम) ले आफ्नो मन्त्रालयको तर्फबाट शिक्षा नीति प्रस्तुत गर्नु भएको थियो ।

त्यस पछि स्वस्थ्य तथा सामाजिक सुरक्षा मन्त्री (युना बस्नेत) ले आफ्नो मन्त्रालयको तर्फबाट शिक्षा तथा सामाजिक सुरक्षा नीति प्रस्तुत गर्नु भएको थियो ।



मन्त्री हरूले आफ्नो मन्त्रालयका तर्फ बाट बजेट नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेपछि सांसदलाई तर्कयुक्त प्रश्न, राय, सुझाव राख्नका लागि सभामुखले ३ मिनेटको समय दिनुभएको थियो । समय दिन साथ प्रतिपक्षका सांसदले सरकारबाट प्रस्तुत गरिएका बजेट नीति तथा कार्यक्रममा सुझाव दिएका थिए । र, अन्तिममा प्रतिपक्षदलका नेता ( आदर्श सिग्देल)ले सरकारद्वारा प्रस्तुत गरिएको कार्यक्रम माथी सुझाव सहित आफ्नो भनाई राख्नु भएको थियो । त्यसपछि अन्तिममा प्रधानमन्त्री ( दिवश न्यौपाने ) ले सरकार तर्फ बाट प्रस्तुत गरिएका बजेट नीति तथा कार्यक्रमका बारेमा आफ्नो भनाई राखेपछि सरकारद्वारा प्रस्तुत गरिएको बजेट नीति तथा कार्यक्रम बहुमतले पास भएको सभामुखले जानकारी गराउनुभयो ।

# श्रृजनशिल अभ्यास

संसद बैठक सकिए पछि औपचारीक कार्यक्रम सुरू भएको थियो । औपचारीक कार्यक्रममा प्रदेश १ का प्रदेशसभा सदस्य अर्जुन राईले नमूना संसदको अभ्यासले युवाहरूलाई श्रृजनशिल बन्न सहयोग पुऱ्याएको बताउनुभयो । यस्तै कारितास नेपाल दमक शाखाका प्रमुख देवेन्द्र पोखरेलले राज्य सञ्चालनको प्रक्रिया, व्यवस्थापकिय भुमिका लगायतका बारेमा नमूना संसद अभ्यास उपयोगी भएको बताउनु भएको थियो । यस प्रकारका श्रृजनशिल कार्यक्रममा समाज रूपान्तरणमा पनि सहयोग पुग्ने गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनुभयो । नमुना युवा सांसद वैठकको अभ्यासमा कमल गाउँपालिकाका सात वटै वडा बाट ३७ जना युवा सहभागी रहेका थिए ।



# नमूना युवा संसदका झलकहरू

















शिक्षा

# गुह्येश्वरी विद्यालयमा छात्रवृत्ति वितरण

झापाको कमल गाउपालिका ५ स्थित गुह्येश्वरी आधारभुत विद्यालयले एक कार्यक्रमका बिच बिद्यार्थीहरूलाई  छात्रवृत्ति प्रदान गरेको छ ।

बिद्यालयले अक्षयकोष बाट प्राप्तहुने व्याज बाट  हरेक बर्ष कक्षा १ देखि ८ सम्मका प्रथम द्वितिय र तृतीय हुने बिद्यार्थीहरूलाई  छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

कार्यक्रममा प्रथम द्वितिय र तृतीय हुने बिद्यार्थीहरूलाई क्रमश  एकहजार , सातसय र पाँचसय रूपैयाँका दरले तथा  बिद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार बिद्यार्थीलाई जनही पाँचसय रूपैया गरी जम्मा ३२ जना बिद्यार्थीहरूलाई छात्रवृति रकम प्रदान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथी कमल गाउँपालिकाका शिक्षा शाखा प्रमुख सुर्य न्यौपानेले विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नुभएको विद्यालयका सहायक प्रधानाध्यापक बिष्णु प्रसाद खनालले जानकारी दिनुभयो ।

सोहि कार्यक्रममा विद्ययालयमा अध्ययनरत दुई जना वालवालिकालाई दमककी उद्यमी महिला लक्की सिटौलाले अभिभावकत्व ग्रहण गर्नु भएको थियो ।

विद्यालय विकास समिति संयोजक खगेन्द्र प्रसाद तिवारीको सभापतित्वमा सम्पन्न कार्यक्रम कमल गाउपालिका शिक्षा शाखा प्रमुख सुर्य प्रसाद न्यौपानेको प्रमुख आतिथ्य तथा  कमल गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष डम्बर बहादुर निरौलाको विशेष आतिथ्यतामा भएको थियो । कार्यत्रक्रम विद्यालयका शिक्षक मदन अधिकारिले सञ्चालन गर्नु भएको थियो भने  प्रधानाध्याकप टंक प्रसार गजुरेलले स्वगत मन्तव्य राख्नु भएको थियो ।



शिक्षा

# महेन्द्र माविको नयाँ भवन

प्रदेश नम्वर १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्कमत कार्कीले प्रदेश सरकार जनतालाई आधारभुत शिक्षा उपलब्ध गराउन लागि परेको बताउनु भएको छ ।

झापाको कमल गाउँपालिका वडा नम्वर २ समयगढ स्थित श्री महेन्द्ररत्न माध्यमिक विद्यालयको निर्माणधिन नयाँ भवनको शिलान्यास पछि आफ्नो मन्तव्यका क्रममा मन्त्री कार्कीले यस्तो बताउनु भएको हो ।

संघिय सरकार बाट प्राप्त २ करोड ५० लाख मध्ये १ करोड ६५ लाख ६८ हजार ८७७ स्पैयामा ठेक्का सम्झौता भएको १४ कोठे भवन २०७८ साल असार १० गते निर्माण सम्पन्न हुने गरि ठेक्का सम्झौता भएको कमल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्ले (पोखेल)को अध्यक्षता सम्पन्न कार्यक्रममा उपाध्यक्ष बेनुप्रसाद शिवाकोटी वडा नं. १ का वडाध्यक्ष केदार कटुवाल , २ का तारानाथ न्यौपाने ४ का प्रेमबहादुर राईको उपस्थिती रहेको थियो ।

कमल गाउँपालिकाका शिक्षा शाखा प्रमुख सूर्य न्यौपानेले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक बालकृष्ण संग्रौलाले स्वागत मन्तव्य राख्नु भएको थियो भने गाउँपालिका शिक्षा समितिका सदस्य राजनबहादुर ढुङ्गाना शुभकामना मन्तव्य राख्नुभएको थियो ।





रोजगार

## प्रधानमन्त्री स्वरोजगार कार्यक्रम



कमल गाउँपालिकामा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको शुभारम्भ भएको छ ।

गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले सुचिकृत श्रमिक लाई प्रदान गरिने अभिमुखिकरण तालिमका साथै कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

कार्यक्रममा सुचिकृत बेरोजगार व्याक्तिहरू मध्ये बेरोजगारको सुचि निर्धारण तथा प्राथमिकिकरणमा परेका बेरोजगार व्याक्तिलाई प्राथमिकताका आधारमा पहिलो पटक श्रममा खटाएको कमल गाउँपालिकाका रोजगार संयोजक भरत तिवारीले जानकारी दिनुभयो ।

पहिलो पटक श्रममा खटाईएका श्रमिकले गाउँपालिका बाट चालु अर्थिक वर्षमा सन्चालन गरिने आयोजना मध्ये किराँत राई साकेला भवनको उत्तर पट्टि धाँधर नियन्त्रण र पुल्चोक उत्तर भुत्लुङ् खोलामा ओभरफ्लो निर्माणकालागी श्रमिक परिचालन गरिने संयोजक तिवारीले बताउनुभयो ।

स्वास्थ्य

# निशुल्क आयुर्वेदिक शिविर

झापाको कमल गाउँपालिकामा निःशुल्क आयुर्वेदिक शिविर सम्पन्न भएको छ ।

कमल गाउँपालिकाको आयोजनामा वडा नम्वर ६ स्थित गेउरियामा बजारमा सम्पन्न शिविरमा ६३ जनाले सेवा लिनुभएको कमल गाउँपालिकाका स्वस्थ्य शाखाका अधिकृत ईन्द्र अर्यालले बताउनुभयो ।

शिविरमा नसर्ने रोग सुगर, प्रेसर,ग्याष्टिक, छालाको एलर्जी लगायतका विरामी बढीमात्रा आएको र वाहाँहरूको स्वस्थ्य परिक्षण पछि निशुल्क औषधी वितरण गरिएको स्वस्थ्य शाखाले जनाएको छ ।

अब देखी शिविर प्रत्येक महिनाको १० र २५ गते नियमित रूपमा संचालन हुने स्वस्थ्य शाखाका अधिकृत अर्यालले जानकारी दिनुभयो ।



# खानेपानी विस्तार हुँदै

झापाको कमल गाउँपालिकाले खानेपानीको पहुँच सबै जनतामा पुऱ्याउने उद्देश्यले दुई करोड रूपैयाँ भन्दा बढीको खानेपानी पाइप खरीद गरेर विस्तार गरेको छ ।

सात वडा रहेको यस पालिकामा जनप्रतिनिधि निर्वाचित भएर आएपछि गौरवको योजनाअन्तर्गत नै खानेपानीको विस्तारलाई अघि बढाएको छ । पालिकाका कतिपय बासिन्दाले यसअघि कल तथा इनारको पानी प्रयोग गर्दै आएका थिए ।

गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले खानेपानीको पहुँच नै नपुगेका वडा नं १ र ७ सहित पालिकाभरि नै खानेपानीको विस्तार गर्ने योजनाका साथ काम भइरहेको बताउनुभयो । "स्वस्थ पानी पिउने हरेक जनताको नसैर्गिक अधिकार हो", उहाँले भन्नुभयो, "उहाँहरूको अधिकारलाई सुनिश्चित गर्ने कर्तव्यअनुसार तीव्ररूपमा पाइप लाइन विस्तार र ट्याङ्की निर्माणको काम धमाधम भइरहेको छ ।"

उहाँले इनार र कलको पानीमा आइरन बढी भएका कारण विगतमा झाडा, बान्तासहित विभिन्न

रोग लाग्ने समस्याबाट जनतालाई जोगाउन शुद्ध खानेपानीको व्यवस्था गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "मान्छेको स्वस्थ्य नै महत्वपूर्ण हो । स्वस्थ रहनका लागि स्वच्छ पिउने पानी चाहिन्छ । हामी पालिकाभित्रका सबै बासिन्दालाई स्वच्छ र गुणस्तरीय पिउने पानी पुऱ्याउँछौँ ।" हाल लखनपुरमा साढे चार लाख लिटर क्षमताको ट्याङ्की भए पनि थप एक लाख लिटरको निर्माण गर्ने काम भइरहेको छ । वडा नं २ मा यसअघि एक लाख लिटरको ट्याङ्की थियो । थप साढे चार लाख लिटरको ट्याङ्की निर्माणका लागि रू नौ करोडमा ठेक्का लागिसकेको उहाँको भनाइ छ ।

उहाँले डिप बोरिङ प्रविधिबाट खानेपानी निकालेर एकदेखि डेढ वर्षभित्रमा सबै पालिकावासीको खानेपानीमा पहुँच पुऱ्याउने जानकारी दिनुभयो । अन्य वडावासीले अधिकांश सफा र गुणस्तरीय पानी पाएको वडा नं १ मा समेत पाइपलाइन विस्तार हुने काम भएको जनाईएको छ ।




समाचार

# जेसीजद्वारा सेनेटरी प्याड वितरण

१११ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवशका अवसर कमल नगर जेसीजले सेनेटरी प्याड वितरण गरेको छ ।

समाजिक गतिविधिमा क्रियाशिल कमल नगर जेसिजले १११ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवशका अवसरमा सेनेटरी प्याड वितरण गरेको हो । कार्यक्रमका प्रमुख अतिथी कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले कार्यक्रममा सहभागी महिलालाई प्याड वितरण गर्नु भएको कमल नगर जेसिज वर्ष २०२१का अध्यक्ष गोपाल खनालले जानकारी दिनुभयो ।




समाचार

# महिला दिवशमा सम्मान

कमल गाउँपालिकाले १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवश विभिन्न कार्यक्रम गरि मनाईएको छ । यस अवसरमा गाउँपालिकाले विभिन्न व्यवसाय तथा उद्यममा क्रियाशिल महिलाहरूलाई सम्मान गर्नुका साथै व्यवसायी महिलाहरूलाई व्यासाय प्रवर्द्धनका लागि ठेला भ्यान प्रदान गर्दै सम्मान गरेको हो ।

सम्मानित हुने महिलामा वडा नम्वर १ की होटल व्यवसाय सञ्चालक रन्जना खड्का, वडा नम्वर २ मा मासु पसल सञ्चालन गर्ने सुनिता शाहा, वडा नम्वर ३ की व्युटीपार्लर व्यवसायी सुनिता विष्ट, वडा नम्वर ४ मा पशुपालन व्यवसाय गर्ने पवित्रा अधिकारी, वडा नम्वर ५ की सिटी सफारी चालक शान्ति माझी, वडा नम्वर ६ की टेलरिङ्ग व्यवसायी कोपिला राउत र वडा नम्वर ७ की ढाका उद्यमी विन्दा अधिकारी रहनु भएको छ । उहाँहरूलाई नगद पाँच हजार रूपैया सहित सम्मान पत्रले सम्मान गरिएको थियो ।



गाउँपालिका अध्यक्ष मेनुका काफ्लेको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष बेनु सिवाकोटी, उद्यमशिल महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता दाहाल, समावेशी महिला सशक्तिकरणकी अध्यक्ष गौरा चापागाई लगायतले अन्तराष्ट्रिय श्रमिक महिला दिवशका बारेमा बोल्नु भएको थियो । कार्यक्रम कमल गाउँपालिका महिला तथा बालवालिका शाखाका प्रमुख रेनुका गौतामले सञ्चालन गर्नु भएको थियो ।



## उद्यमीलाई ठेला

कार्यक्रममा विभिन्न उद्यम र पेशामा रहेका महिलाहरूलाई सम्मान स्वरूप ठेला पनि प्रदान गरिएको थियो । ठेला सहित सम्मानित हुनेहरूमा वडा नं. १ देखि ७ सम्मका उद्यमी महिलाहरू क्रमशः विमला शाहा, नमिता मण्डल, मिना रेग्मी (सिवाकोटी), डुकु राजवंशी, फोदो राजवंशी, राममाया विश्वकर्मा र दुर्गामायाँ श्रेष्ठ रहनु भएको कमल गाउँपलिकाका प्रमुख प्रसाशकिय अधिकृत सुवास श्रेष्ठले जानकारी दिनुभयो ।

## सम्मानितहरुद्वारा खुसी व्यक्त




आफुले गरे मेहनतको कदर गर्दै गाउँपालिकाले सम्मान गरेकोमा सम्मानित महिलाहरूले खुसी व्यक्त गर्नु भएको छ । गाउँपालिकाको सहयोग र सम्मानले व्यवसाय प्रति थप जिम्वेवार हुने प्रेरणा मिलेको कमल गाउँपालिको वडा नम्वर १ मा होटल व्यवसायमा सञ्चालन गर्दै आउनु भएकी रन्जना खड्काले बताउनुभयो ।

यस्तै सिटी सफारी चलाएर गुजारा गर्दै आउनु भएकी शान्ति माझीले पनि गाउँपालिका बाट आफु सम्मानित हुन पाउँदा खुशि लागेको बताउनुभयो । यस्तै गाउँपालिकाले कृषकहरूलाई पनि उद्यमीको रूपमा सम्मान गरेकोमा कमल गाउँपालिका ४ की कृषक पवित्रा अधिकारीले उत्साही भएको बताउनुभयो ।

महिलाहरूलाई उद्यमशिल बनाउन सके मात्र दिगो आर्थिक समृद्धी सम्भव हुने भएकाले गाउँपालिकाले महिला उद्यमशिलतालाई प्राथमिकतामा राखेको कमल गाउँपलिकाका अध्यक्ष मेनुका का□लेले बताउनु भयो । सोहि अनुसार आफ्नै पौरखमा निर्भर महिलाहरूलाई सम्मान गरिएको र आगामी वर्ष पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिईने उहाँको भनाई छ ।

कार्यक्रममा गाउँपालिकामा रहेर विभिन्न उद्योग र व्यवसायी सन्चालन गर्दै आउनु भएका ७ जना महिलालाई सम्मान गरिएको थियो भने ७ जना महिलालाई ठेला भ्यान प्रदान गरिएको थियो ।



## चन्द्रदर्शनको नयाँ नेतृत्व

चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा शान्ताकुमार राई विजयी हुनुभएको छ ।

झापाको कमल गाउँपालिका वडा ५ पाडाजुंगीस्थित मुख्य कार्यलय रहेको सहकारी संस्थाको आगामी कार्यकालमा लागी सम्पन्न निर्वाचनमा राई विजयी हुनुभएको हो । मतदान प्रकृयाबाट अध्यक्षमा राई निर्वाचित हुनु भएको हो भने सचिवमा सञ्जयकुमार कुमाल निर्वाचित हुनु भएको निर्वाचन समितिका संयोजक जीवराज भट्टराईले जानकारी दिनुभयो ।

सञ्चालक समितिको उपाध्यक्षमा उषा भण्डारी , सहसचिवमा विनय श्रेष्ठ , कोषाध्यक्षमा रोशन दाहाल र लेखा समिति संयोजकमा प्रेम दुलाल निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितीले जनाएको छ । त्यसैगरी सञ्चालक समिति सदस्यहरूमा कविता गुरूङ्, ओमकुमार प्रधान, चन्द्रबहादुर कार्की, पिताम्बर खडका, रणबहादुर बराइली, भक्तबहादुर कार्की तथा लेखा समिति सदस्यमा रेवत गुरूङ् र सुनिल थापा निर्वाचित हुनुभएका निर्वाचन समितिका संयोजक भट्टराईले बताउनुभयो ।



## कमल जेसीजको नयाँ नेतृत्व

कमल जेसीजको नयाँ नेतृत्व चयन भएको छ । सन् २०२१ का लागि अध्यमा गोपाल खनाल निर्वाचित हुनु भएको हो । उहाँले यस अघि कोषाध्यक्ष, उपाध्यक्ष, कार्यकारिणी उपाध्यक्ष, महासचिव जस्ता महत्पूर्ण पदमा रहेको जिम्वेवारी पूरा गरि सक्नु भएको छ ।

त्यसैगरी कार्यकारिणी उपाध्यक्षमा भिम अधिकारी र देविप्रसाद दाहाल निर्वाचित हुनु भएको निर्वाचन समितिका संयोजक केदार कटुवालले जानकारी दिनुभयो । उपाध्यक्षमा तिर्थ पौडेल, प्रविण खड्का, नविन भण्डारी, तालिम निर्देशकमा युवराज पाठक र जनसम्पर्क अधिकारीमा कमला दाहाल सर्वसम्मत निर्वाचित हुनुभएको संयोजक कटुवालले बताउनुभयो । पुर्वअध्यक्ष तथा आजिवन सदस्य गरी जम्मा ४२ मत रहेको कमल नगर जेसिजमा ४० मत खसेको थियो जसमध्ये अध्यक्षमा २ मत र कार्यकारिणी उपाध्यक्षमा ६ मत बदर भएको निर्वाचन समितीले जनाएको छ ।

# सार्वजनिक सेवा प्रवाह सिद्धान्त र व्यवहार



सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**परिचय**

राज्यले आम नागरिकको आधारभूत आवश्यकताको परिपूर्ती देखि लिएर नागरिकको हित, कल्याण एवं समष्टी विकासका लागि विना भेदभाव वितरण गरिने सेवा नै सार्वजनिक सेवा हो । यसलाई सरकार र नागरिकहरुको सम्बन्धको सेतु मात्र नभै सरकारको प्रभावकारीता र दक्षता पहिचान र मापन गर्ने माध्यम हो। सार्वजनिक सेवा नागरिकको घर दैलोसम्म पुर्याउने कार्य, प्रकृया र पद्धती हो यसले नागरिक र सरकार विचमा सुमधुर सम्बन्ध बनाउने सेतुको रुपमा कार्य गरेको हुन्छ।

- यसलाई सुशासनको मुख्य आधारको रुपमा लिइन्छ।
- सेवा प्रदायकले सेवा ग्राहीलाई उपलब्ध गराउने वस्तु, सेवा, अवसर, सुविधा वा अन्य तरिकाबाट दिइने अन्य सेवा सम्झनु पर्छ।
- सेवाको उत्पादन, वितरण वा नियमन
- सेवा मार्फत राज्यको उपस्थिती महशुष
- सरकारलाई चिह्ने अवसर
- उपभोक्ता समिति, नागरिक समाज, गैर सरकारी निकाय, सामुदायिक संस्था र साझेदार निकायबाट नागरिकहरुलाई सेवा प्रवाह वा वितरण गर्ने माध्यम

**सार्वजनिक सेवा प्रवाहका दृष्टिकोणहरु (Approaches)**

- Service Approaches
- Good governance approach
- Transparent approach
- Fairness approach
- Responsive approach
- Integrity approach

**सार्वजनिक सेवा प्रवाह के हो**

- राज्यको दायित्व
- नागरिकको अधिकार
- वैधानिकताको पुष्टि गर्ने आधार
- सरकारप्रति अपनत्व बोध गराउने आधार
- सरकारको अभिभावकत्व
- सुशासनको आधार
- लोकतन्त्रको लाभहरु नागरिकहरुमा वितरणको माध्यम

**<u>सेवा प्रवाहका माध्यम</u>-**

- सरकारी
- निजी
- साझेदारी
- गै.स.स.
- अन्तराष्ट्रिय गै.स.स.

**सेवा प्रवाहको शैद्धान्तिक पक्षहरु**

- Qualitative
- Less costly
- Easy Access
- Fast
- Legitimate
- Smiling

**सेवा प्रदायकको भूमिका**

- सदाचारी
- निश्पक्ष
- तटस्थ
- सेवा मैत्री
- सकारात्मक
- उत्तरदायि
- Responsive
- Pro active
- Accountable
- Transparent

**सेवा प्रवाहका पूर्व शर्तहरु**

- Managerial Rationality- जनशक्ति पहिचान, परिचालन, साधन स्रोत व्यवस्थापन

- Incentive- वृत्ति विकास, क्षमता विकास र अवसरको सुनिश्चितता
- Legal Rationality - नियम, निर्देशिका, जिम्मेवारी किटान, पदिय जिम्मेवारी, दायित्व
- Behavioral Rationality- सेवाग्राही तथा कर्मचारीको मनोविज्ञान, कार्यशैली र व्यवहार
- Procedural Rationality- SOP, कार्यसरलीकरण, स्पष्टता, पारदर्शिता र छिटो छरितो सेवा प्रवाह

**सार्वजनिक सेवाका विशेषताहरु**

- कानून बमोजिम परिभाषित ।
- जनताप्रति उत्तरदायि हुन्छ ।
- सामाजिक आवश्यकता पुरा गर्ने लक्ष्य हुन्छ ।
- सेवाग्राहीलाई अधिकतम पायक पर्ने स्थानबाट प्रदान गरिन्छ ।
- छनौटको अवसर हुन्छ ।
- एकरुपता हुन्छ ।
- सरकारी एकाधिकार हुन्छ ।
- समान व्यवहार ।
- कानून बमोजिम निर्धारित प्रक्रिया पुरा गर्नु पर्ने ।
- विचौलियाको उपस्थिति हुँदैन भन्ने मान्यता ।
- निःशुल्क रुपमा वा न्यूनतम शुल्कमा प्रदान गरिन्छ ।

**सेवा प्रवाहका नविन अभ्यासहरु**

- उदारीकरण एवं निजीकरण
- बोलपत्र पक्रिया
- नागरिक बडापत्रको व्यवस्था
- प्रविधिको उच्चतम प्रयोगको थालनि
- First come First Service
- मुस्कान सहितको सेवा प्रवाह
- घुम्ती टोली सहितको सेवा प्रवाह
- Out Sourcing/Contracting Out/Joint Venture
- सार्वजनिक नीजि साझेदारी

**नेपालमा सेवा प्रवाहमा देखिएका समस्याहरु**

- प्रक्रियामुखी सेवा वितरण जसले नागरिकहरुलाई सेवा लिन झण्झटीलो बनाएको ।
- Demand Base भन्दा Supply base सेवा प्रवाह हुनु
- भौगोलिक दूरीका कारण नागरिकले महंगो सेवा लिन बाध्य ।
- जनशक्ति र संरचनागत जटिलता ।
- समन्वयमा समस्या ।

- नियामक निकायको उदासिनता छ ।
- सेवा प्रदायकको उदासिनता छ ।
- नवप्रवर्तन एवं प्रविधिको उपयोग गर्न सकिएको छैन ।
- लक्षित वर्ग मुखि सेवा छैन ।
- कर्मचारी व्यवस्थापन कमजोर छ । दुर्गममा कर्मचारी छैनन ।
- कर्मचारीको मनोबल कमजोर छ । क्षमता विकास हुन नसकेको अवस्था छ ।
- सेवक भन्दा शासक हुने प्रवृत्ति छ ।
- विचौलिको माध्यमबाट सेवा लिन बाध्य भएको अवस्था छ ।
- भ्रष्टचारमा शुन्य सहनशीलता हुन सकेको छैन ।
- अनुगमनमा उदासिनता छ । दण्डहिनता कमजोर छ ।
- सेवा प्रवाह सुधारमा राजनीतिक प्रतिवद्दताको कमी छ ।

**सेवा प्रवाहलाई व्यवस्थित बनाउन भएका कानूनहरु**

- सुशासन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, नियम
- स्थानीय प्रशासन ऐन
- न्याय प्रशासन सम्बन्धी ऐन
- मुलुकी ऐन देवानी र फौजदारी
- सार्वजनिक खरिद ऐन नियमावलीहरु
- स्थानीय सरकार सञ्चालन ऐन
- अत्यावश्यक सेवा सञ्चालन सम्बन्धी ऐन
- सेवा प्रवाह निर्देशिका
- नेपाल सरकारका राष्ट्रिय नीतिहरु
- नेपाल सरकारले समय समयमा जारी गरेका निर्देशिका एवं परिपत्रहरु

**सेवा प्रवाहमा संलग्न हुने निकायहरु**

- सरकारी कार्यालयहरु
- सार्वजनिक संस्थानहरु
- स्थानीय तहहरु
- गैरसरकारी संस्थाहरु
- निजी क्षेत्रका संस्थाहरु
- स्वयंसेवी संस्थाहरु
- उपभोक्ता समितिहरु
- साझेदार निकायहरु

**सेवा प्रवाहमा देखिएका कमजोरीहरु**

- काम नगर्ने, काम पन्छाउने प्रवृत्ती (Buck Passing) ।
- सेवाग्राहीले पाउने सेवाको किसिमका बारेमा सूचना पर्याप्त छैन ।

- सेवा प्रदायक र सेवाग्राहीबीच सौहार्दताको कमि ।
- कार्यशैली र संस्कार अन्तर्मुखी छ ।
- आर्थिक प्रलोभनबाट छिटो सेवा प्रवाह हुने चलन छ ।
- भनसुन नातावाद र कृपावादबाट काम छिटो हुने प्रवृत्ती ।
- ग्राहकहरुमा आफूले प्राप्त गर्नु पर्ने सेवाहरु आफ्नो अधिकार हो भन्ने चेतनाको अभाव
- सेवा प्रदायकलाई सेवाग्राही प्रति उत्तरदायी बनाउन सकिएको छैन ।
- नेतृत्वमा अधिकार प्रत्यायोजन नगरी केन्द्रीकृत गर्ने प्रवृत्ती छ ।
- कर्मचारीहरुको मनोवृत्तीमा ठालु प्रवृत्ती रहनु ।
- सेवाग्राहीहरु कर्मचारीहरुप्रति बढी नकारात्मक रुपमा रहेका छन ।
- सूचना प्रवृधिको प्रयोग र पहुँच पर्याप्त नभएको अवस्था छ ।

**नेपालमा सेवा प्रवाहमा सुधारका प्रयासहरु**

- तिन तहको सरकार मार्फत नागरिकहरुलाई सेवा वितरण
- सार्वजनिक परीक्षण, खर्च सार्वजनिक, सार्वजनिक सुनुवाई, गुनासो पेटिका, गुनासो सुन्ने अधिकारी, हेल्प डेस्क जस्ता सार्वजनिक उत्तरदायित्वका कार्यहरुको व्यवस्था ।
- कार्यसम्पादन प्रोत्साहन प्रणाली लागु गरिदै
- कार्यसम्पादन सम्झौता सुरु गरिएको
- सेवाग्राही चाप हुने कार्यालयहरुमा Online System प्रविधिको प्रयोग, नागरिक एप्स, एस.एम.एस.को प्रयोग
- टोकन प्रणाली, खुल्ला अफिसको अवधारणा सुरु भएको
- हेलो सरकारको व्यवस्था
- प्रत्येक कार्यालयमा गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी एवं सुशासन इकाईको व्यवस्था भएको
- क्षतिपूति सहितको नागरिक वडापत्रको कार्यान्वयन सुरु गरिएको(नापी, मालपोत, यातायात, वैदेशिक रोजगार, अध्यागमन जस्ता ९ कार्यालयमा सुरु गरिएको)
- प्रक्रियागत सरलीकरण र पारदर्शिताको व्यवस्था
- सरकारी कार्यालयहरुको सक्रियता(विचौलियाको अन्त्य, (E Bidding)
- संरचनात्मक परिवर्तन (स्थानीय तहमा संरचना वृद्धि, सेवा इकाईहरु स्थानीय तहमा)
- कार्यशैलीहरुमा परिवर्तन र सुधार
- सिर्जनशीलता, प्रोत्साहन, उत्कृष्टतामा जोड
- इन्टीग्रीटी आइकनको खोजी, निजामती पुरस्कारबाट कर्मचारी पुरस्कृत
- मुस्कान सहितको सेवा, एकल विन्दु सेवा केन्द्रकोको व्यवस्था
- कर्मचारीको सेवा सुविधामा निरन्तर सुधार
- दुर्गम भत्ता र बढुवा अंकको व्यवस्था ।

**आगामी दिनमा गर्नुपर्ने सुधारका कार्यहरु**

- कानूनी एवं नीतिगत जटिलता हटाई सेवा प्रवाहमा स्पटता गर्ने
- कर्मचारीको क्षमतालाई निरन्तर विकास गर्ने
- सबै सरकारी कार्यालयहरुमा नविनतम प्रविधिको उपयोग गर्ने
- सेवा प्रवाहमा भएका उन्नत अभ्यासहरुलाई व्यवहारिक प्रयोगमा ल्याउने ।
- कर्मचारीहरुलाई नागरिकप्रति प्रत्यक्ष उत्तरदायि गराउने
- कर्मचारी सम्बन्धी कानून र नीतिमा स्पष्टता ल्याउने
- कार्यसम्पादन करार अनिवार्य लागु गर्ने सो को आधारमा दण्ड, पुरस्कार र बढुवालाई जोड्ने
- कार्यालयको प्रकृतिका आधारमा कार्यालय समययको लचकता (Flexi Time)
- Hire and Fire, Office at Home, Job Sharing

**निश्कर्ष :**

सार्वजनिक सेवा राज्यको अपरिहार्यता हो । नेपालको संविधानको मौलिक हकमा नागरिकलाई प्रदान हुने सेवाहरुका बारेमा स्पष्ट व्यवस्था गरिएको छ। नागरिकलाई निशुल्क होस वा सशुल्क होस दुवै माध्यमबाट सेवा प्रवाह गर्नु राज्यको कर्तव्य हो। जहाँ राज्य त्यहाँ नागरिक र जहाँ नागरिक त्यहाँ सेवा प्रवाह अनिवार्यता हो । यी नै अनिवार्यताको कारण सरकारले नागरिकरुलाई सेवा वितरण गर्नका लागि सार्वजनिक प्रशासनको व्यवस्था गरिएको छ। प्रशासनको कार्यक्षमता र प्रभावकारीता वृद्धि नै सेवा प्रवाहको मापन हो। राज्य अमूर्त हो त्यसलाई मूर्त बनाई आम नागरिकलाई राज्यको उद्देश्य अनुसार लोकतन्त्रको सुदृढिकरण गर्दै आम नगरिकमा सेवा सुविधाको समानुपातिक वितरण गनु आजको अपरिहार्यता हो।

नागरिकलाई बिना झण्झड सेवा सुविधा वितरण गर्नका लागि नै राज्यका संयन्त्रहरु लागिरहेका हुन्छन तथापि पनि सेवा प्रवाहमा निखारता आएको छैन, अझै पनि मालपोत, नापि, यातायात, श्रम जस्ता अड्डामा सेवा लिन घण्टौं सम्म कुर्नु पर्ने, लाईमा बस्नु पर्ने, बिचोलीयाको मारमा पर्नु पर्ने भन्ने गुनासो आएकै छन। उल्लेखित गुनासोहरुलाई कम गर्न प्रविधिको अत्याधिक र उच्चतम प्रयोग गर्नु पर्ने जरुरी छ भने सार्वजनिक उत्तरदायित्व प्रबर्द्धनका मानकहरु सार्वजनिक सुनुवाई, गुनासो सुनुवाईको प्रबन्ध, नागरिक सचेतना प्रबर्द्धनका कार्यक्रमको बढोत्तरी, सार्वजनिक एवं सामाजिक परीक्षण, कार्यालयहरुको खर्च सार्वजनिक, प्रकृया सरलीकरण, नागरिक बडापत्रको व्यापक प्रयोग र नतिजा उन्मुख कार्य प्रणालीमा सुधार गर्नु पर्ने देखिन्छ । यस्तो कार्य प्रणाली अपनाउन सके सार्वजनिक सेवा र यसको वितरण प्रक्रियामा आमनागरिकको विश्वासलाई वृद्धि गर्न सकिन्छ । जसले सरकार र नागरिकहरुको बिचमा सुमधुर र बलियो सम्बन्ध स्थापीत हुन गई नागरिकहरुमा सन्तुष्टि वृद्धि हुने र सरकार प्रति नागरिकहरुको अपनत्व अभिवृद्धि हुन जान्छ।

**समाप्त ।**

# बालबालिकामा पोषणको महत्व



ईन्द्र अर्याल
स्वास्थ्य शाखा प्रमुख

अन्तराष्ट्रिय रुपमा नै कुपोषणको समस्यालाई निराकरण गर्ने कार्यलाइ सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिइएको छ। न्युन पोषणको समस्याले बालबालिकाको शारीरिक, मानसिक, तथा संवेगात्मक विकासमा बाधा पुर्याइ देशको समग्र सामाजिक, आर्थिक, तथा मानविय विकासमा प्रतिकुल प्रभाव पर्दछ तथा शिशु अवस्था वा वाल्यकालमै मृत्यु हुने जोखिममा बृद्धि हुन्छ भने जिवित रहेकाहरुको समेत क्षमतामा कमि हुन्छ। यसका असर हरु गम्भिर हुन्छन, जसलाइ परिवर्तन गर्न सकिदैन र जीवनभर रहन्छन।




विस्वमा पाँच वर्षमुनिका करिब ४५ प्रतिशत बालबालिकाहरुको मृत्यु कुपोषणले हुने गरेको अध्ययन हरुले देखाएका छन्। नेपाल जनसांख्यिक तथा सर्वेक्षण, २०१६ (NDHS–2016) अनुसार नेपालका ५ बर्ष मुनिका बालबालिकाहरुमा ३६% कुपोषण, २७% कम तौल तथा १०% ख्याउटेपन रहेको छ। त्यसै गरि ६ देखि ५९ महिनाको बालबालिका हरुमा ५३% रक्त अल्पताको समस्या रहेको छ।

महिला तथा बालबालिकाको पोषण सुधार गर्न विगत लामो समय देखि वभिन्न प्रयास हरु हुदै आइरहेको देखिन्छ। सन १९७० को दशक देखि विभिन्न पोषण सर्वेक्षण, आवधिक योजनामा पोषणलाइ प्राथमिकता, पोषण निति तथा रणनिति (

२००४) को विकास, सर्वेक्षणको आधारमा बालबालिकालाइ भिटामिन ए क्याप्सुल र वहुसुक्ष्म तत्व ( बालभिटा) तथा गर्भवती र सुत्केरी महिलालाइ आइरन फोलिक एसिड चक्कि बितरण लगायत कुपोषणको समस्यालाइ सम्बोधन गर्न बहुक्षेत्रिय निकायको संयुक्त प्रयासको लगि बहुक्षेत्रिय पोषण योजना को विकास भएको पाइन्छ।

कुपोषणको कारण बाट कुल ग्राहस्त उत्पादनमा ११% ह्रास आउछ। कुपोषणले भविष्यमा हुन सक्ने दिर्ग रोगहरु जस्तै मधुमेह, मोटोपना, मुटुरोग, उच्च रक्तचाप, क्यान्सर तथा छिट्टै बुढौलिपन हुने सम्भावनालाइ बढाउछ भने पोषणमा हुने १ डलर लगानिले १६ डलर सम्म प्रतिफल प्राप्त हुने अध्ययनले देखाएको छ।

नेपालमा बाल मृत्युदर लगभग ८२% जन्मेको १ बर्षभित्र र ५३% जन्मेको २८ दिन भित्र हुने नेपाल जनसंखिक सर्वेक्षण २०१६ ले देखाएको छ। आधा भन्दा बढि बालबालिकाको मृत्युको कारण कुपोषण रहेको छ । पोषणको स्थितिमा सुधार नभइ बाल मृत्युदरमा कमी ल्याउने सम्भावना कम छ । भिटामिन ए को अवस्थामा सुधारले मात्र उल्लेख्य रुपमा बाल मृत्युदर घटाउन सक्छ भने ६ महिना सम्म आमाको दुध खुवाएको अवस्था तथा उचित पुरक तथा थप आहार पाएमा २०% सम्म सम्म बाल मृत्युदर घटाउन सकिन्छ। बालबालिकाको ८०% वौद्धिक विकास आमाको गर्भमा आएदेखि २ बर्ष भित्र हुन्छ जसलाइ सुनौलो हजारदिन भनिन्छ। गर्भावस्थामा ३०%, जन्मेको १ बर्ष भित्र २५%, २ बर्ष भित्र २५%, ५ बर्ष भित्र १०% र ५ बर्ष पछि १०% वौद्धिक विकास हुने विश्व स्वास्थ्य संगठनले जनाएको छ।

नेपालको लागि दिगो विकासको लक्ष्य अनुसार पाँच वर्ष मुनिका बालबालिकाहरुमा हुने पुड्कोपनलाइ सन २०३० को अन्त्यमा १५% मा झार्ने , ख्याउटेपनलाइ घटाएर ५% मा पर्याउने , रक्तअल्पतालाइ १०% मा झार्ने लक्ष्य लिइएको छ।

यी समग्र अवस्थालाइ मध्यनजर गरि नेपाल सरकार , स्वास्थ्य मन्त्रालय लगायत अन्य सम्बन्धित क्षेत्रबाट प्राथमिक्ताका साथ पोषण सम्बन्धी विविध कार्यक्रमहरु संचालन भइरहेका छन्। हाल सम्म पोषण सम्बन्धी मातृ, शिशु तथा बाल्कालिन पोषण (MIYCN), स्तनपान प्रवद्धर्न, वृद्धि अनुगमन, बहु सुक्ष्म पोषक तत्व (बालभिटा) खुवाउने, शिघ्र कुपोषणको एककृत व्यवस्थापन (IMAM), गर्भवति र सुत्केरि महिलाहरुका लागि  आइरन फोलिक एसिड चक्कि वितरण, आपतकालिन अवस्थामा पोषण, राष्ट्रिय भिटामिन ए कार्यक्रम आदि जस्ता कार्यक्रम हरु संचालन हुदै आइरहेका छन्।

०००



# धमाधम बन्दै कमल अस्पताल

कमल २ मा निर्माण शुरु गरिएको १५ शैयाको अस्पताल धमाधम निर्माण भई रहेको छ। सरकारले एकसाथ तीन सय ९६ स्थानीय तहहरुमा अस्पताल शिलान्यास गर्ने क्रममा यो अस्पताल निर्माण शुरु भएको हो।

कमलमा निर्माण भई रहेको अस्पतालको शिलान्यास प्रदेश नम्वर १ का आन्तरीक मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीले शिल्यान्यास गर्नुभएको थियो। यो अस्पताल निर्माण पूरा भए पछि स्थानीयलाई स्वास्थ्य उपचारमा सजिलाे हुने कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ। देश भर निर्माण शुरु भएका अस्पतालहरु दुई वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य छ। अस्पताल निर्माणका लागि यो वर्ष ६ अर्ब १२ करोड २६ लाख रुपैयाँ बजेट निकासा गरिसकिएको छ।



पाँच शय्याको अस्पतालमा एक मेडिकल अफिसरसहित १२ स्वास्थ्यकर्मी, १० शय्याको अस्पतालमा दुई मेडिकल अफिसरसहित १७ स्वास्थ्यकर्मी र १५ शय्याको अस्पतालमा तीन मेडिकल अफिसरसहित २७ स्वास्थ्यकर्मीको व्यवस्था गर्ने सरकारको योजना छ।



प्रधानमन्त्री स्वरोजगार कार्यक्रम शुभारम्भ



प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका बारेमा जानकारी गराउँदै रोजगार संयोजक भरतचन्द्र तिवारी




आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मतकुमार कार्कीद्वारा महेन्द्ररत्न मा.वि.को नयाँ भवनको शिलान्यास




नि:शुल्क आयुर्वेदिक शिविर उद्घाटन समारोह



नि:शुल्क आयुर्वेदिक शिविरमा औषधी वितरण



# कोरोना भाइरस रोग (कोभिड-१९)

हाल विश्वभरी फैलिरहेको कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले कोभिड १९ को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ। कोरोना भाइरस श्वाश प्रश्वाशको माध्यमबाट सर्ने रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

## कोरोना भाइरस रोगको मुख्य लक्षणहरू



ज्वरो आउने



खोकी लाग्ने



श्वाश फेर्न गाह्रो हुने

**यस्ता लक्षणहरू देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने । यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरू अपनाउनुपर्छ ।**



ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने



खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्का भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने



भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने



साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने




कोरोना प्रभावित देशबाट आएका व्यक्तिहरुमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरुबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।


"समृद्ध कमल हाम्रो सरोकार"
विषादि प्रयोग मुक्त सप्ताह-२०७७
समापन समारोह
आयोजक
कमल गाउँपालिका


१११ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस-२०७७
का अवसरमा



# शुभकामना

नयाँ वर्ष २०७८ को उपलक्ष्यमा कमल गाउँपालिकावासी तथा समस्त नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



मेनुका काफ्ले
अध्यक्ष



वेणुप्रसाद सिवाकोटी
उपाध्यक्ष



सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**एवम्**

## कमल गाउँपालिका परिवार

**झापा**